काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com

काँक्रेविहार राष्ट्रिय दैनिक
नियमित नअाएमा
९८५-१३४४७५४
ग्राहक बन्नु परेमा

❐ वर्ष : २६ ❐ अंक : २ ❐ शनिवार, ३ असोज, २०८३ ❐ Saturday, 19 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कांग्रेस वडा अधिवेशनका लागि ७७ जिल्लामा खटिए निर्वाचन अधिकृत



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २, असोज

नेपाली कांग्रेसको वडा तहको अधिवेशनका लागि ७७ वटै जिल्लामा निर्वाचन अधिकृत खटिएका छन् ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिका अनुसार ३ र ४ असोजमा हुने वडा तहको निर्वाचनका लागि जिल्ला निर्वाचन अधिकृतहरूले आफ्नो कार्य प्रारम्भ गरिसकेका छन् ।

उनीहरूले जिल्ला तह तथा स्थानीयस्तरका पार्टीका जिम्मेवार पदाधिकारी र सदस्यसँग निर्वाचन प्रक्रियाबारे छलफल गर्नुका साथै वडा तहमा मतदान अधिकृत खटाउनेलगायतका काम सम्पन्न गरेका छन् ।

समितिका सदस्य सचिव राजु कटुवालका अनुसार कांग्रेसको १५औँ केन्द्रीय महाधिवेशन १६ देखि १९ असोजसम्म हुँदै छ । महाधिवेशनअन्तर्गत वडा तहको निर्वाचन कार्यक्रम ३ र ४ असोजमा हुँदै छ ।

केन्द्रीय निर्वाचन समितिले निर्वाचन प्रक्रियाबारे फैलिन सक्ने अफवाह तथा भ्रममा नपरी वडा अधिवेशनमा सहभागी हुन सम्पूर्ण क्रियाशील सदस्य तथा पार्टीका सबै तह र निकायलाई आग्रह गरेको छ । कटुवालले विज्ञप्तिमार्फत ३ र ४ असोजमा हुने वडा अधिवेशनमा उत्साहपूर्वक सहभागी भई निर्वाचन प्रक्रियामा भाग लिन आग्रह गरेका हुन् ।

तीन अर्ब बढीको वस्तु निर्यात हुँदा झण्डै एक अर्बको आयात



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २ असोज

कर्णाली प्रदेशको कृषि अर्थतन्त्रमा आयात निर्यातको उतारचढाव जारी छ । कृषि क्षेत्रले उत्पादन र बजार विस्तारको संकेत देखाइरहेका बेला एकातिर एक वर्षमा साढे तीन अर्ब रुपैयाँ बढी मूल्यका कृषि उपज प्रदेशबाहिर पुगेका छन् ।

भने अर्कोतिर दैनिक उपभोगमा आवश्यक पर्ने दूध, मासु, माछा, अण्डा र पशुदानाजस्ता वस्तुको आयातमै झण्डै एक अर्ब रुपैयाँ बाहिरिएको छ । भूमि, व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा कर्णालीबाट तीन अर्ब ६४ करोड ६ लाख रुपैयाँ बराबरका ७७ हजार ४९५ मेट्रिक टन कृषिजन्य वस्तु प्रदेशबाहिर निर्यात भएका हुन् ।

खाद्यान्न, दलहन, फलफूल, अदुवा, बेसार, आलु, मह र च्याउलगायतका वस्तु निर्यातबाट ठुलो रकम प्रदेशमा भित्रिएको हो । पशुजन्य उपजबाट मात्रै थप २८ करोड ७३ लाख रुपैयाँ आम्दानी भएको मन्त्रालयको अभिलेखमा उल्लेख छ । तर यही अवधिमा कर्णालीले दूध, मासु, माछा, अण्डा तथा पशुदानालगायतका पशुजन्य वस्तु खरिद गर्न ९५ करोड ११ लाख रुपैयाँ प्रदेशबाहिर पठाएको छ । यसले कर्णालीमा कृषि उत्पादनको सम्भावना भए पनि उत्पादनको संरचना र उपभोगबीच अझै ठूलो अन्तर देखाएको हो ।

प्रदेश सरकारका लागि अहिलेको मुख्य चुनौती उत्पादन बढाउनु मात्र नभई कर्णालीको दैनिक उपभोगमा आवश्यक वस्तु बाहिरबाट ल्याउनुपर्ने अवस्थालाई घटाउनु पनि छ । कृषिमन्त्री जुम्कित लामाले आयात घटाउने गरी कृषि क्षेत्रको योजना र कार्यान्वयनको ढाँचा परिवर्तन गर्नुपर्ने बताएकी छन् । उनका अनुसार उत्पादनको सम्भावना भएका क्षेत्रमा लक्षित कार्यक्रम सञ्चालन गर्दै आयात प्रतिस्थापनमा केन्द्रित हुनुपर्ने आवश्यकता छ ।

'कर्णालीबाट बाहिरिने कृषि उपजको सूचीले प्रदेशको कृषि सम्भावनाको दायरा पनि देखाउँछ' उनले भनिन्, ' खाद्यान्न र दलहनसँगै फलफूल, अदुवा, बेसार, आलु, मह र च्याउजस्ता वस्तु बजारमा पठाउन सक्ने अवस्थामा पुगेका छन् ।'

सरकारले व्यावसायिक फलफूल खेती विस्तारलाई प्राथमिकतामा राख्दै गत आर्थिक वर्षमा ८८ हजार बिरुवा वितरण गरेको थियो । त्यसबाट करिब ३०० हेक्टर क्षेत्रफलमा फलफूल बगैंचा विस्तार भएको मन्त्रालयको दाबी छ । कार्यक्रमबाट ४५ भन्दा बढी कृषक समूह र दुई हजार १५० घरधुरी लाभान्वित भएको जनाइएको छ ।

तर उत्पादन विस्तारसँगै बजार, भण्डारण, प्रशोधन र ढुवानीको पूर्वाधार पर्याप्त नहुँदा किसानले उत्पादनको

बाँकी पृष्ठ ४

उत्पादन प्रणालीमा समस्या

प्रदेश सरकारले किसानलाई उत्पादनमा जोड्न विभिन्न अनुदान तथा सहुलियतका कार्यक्रम सञ्चालन गरेको छ । गत आर्थिक वर्षमा ६ वटा बैंकमार्फत ४२१ जना किसानलाई एक करोड १५ लाख रुपैयाँ ब्याज अनुदान उपलब्ध गराइएको मन्त्रालयको तथ्यांक छ ।

यस्तै दुग्ध उत्पादक किसानलाई पनि उत्पादनका आधारमा प्रोत्साहन गरिएको छ । एक हजार ९९२ किसानलाई प्रतिलिटर प्रोत्साहन अनुदानबापत एक करोड चार लाख ३१ हजार रुपैयाँ वितरण गरिएको समीक्षा प्रतिवेदनमा उल्लेख छ । सिँचाइतर्फ पनि १९५ वटा साना सिँचाइ आयोजना निर्माण तथा मर्मतसम्भार गरिएको छ । यसबाट थप ५५५ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको मन्त्रालयले जनाएको छ ।

यी कार्यक्रमले उत्पादनको आधार विस्तार गर्ने प्रयास देखाए पनि कर्णालीको कृषि अझै ठूलो मात्रामा मौसम, सिँचाइ, सडक, प्राविधिक जनशक्ति र बजारमा निर्भर छ । त्यसैले अनुदान वितरणलाई उत्पादन, उत्पादकत्व र बजार परिणामसँग जोड्ने विषय महत्त्वपूर्ण देखिन्छ ।

यस्तै कृषिसँग जोडिएको सहकारी क्षेत्र पनि कर्णालीको ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण हिस्सा बनेको छ । प्रदेशमा रहेका ३१० सहकारीमार्फत ११ अर्ब ३४ करोड रुपैयाँभन्दा बढी रकम परिचालन भएको मन्त्रालयले जनाएको छ । यी सहकारीबाट एक हजार ६५ जनाले प्रत्यक्ष रोजगारी पाएको तथ्यांक छ ।

तर सहकारीमार्फत ठूलो रकम परिचालन भइरहे पनि त्यसको कति हिस्सा उत्पादनमूलक कृषि, प्रशोधन, भण्डारण र बजारीकरणमा गएको छ भन्ने प्रश्न कृषि क्षेत्रको समग्र प्रभावकारितासँग जोडिन्छ । सहकारीको वित्तीय परिचालनलाई स्थानीय उत्पादन र रोजगारीसँग जोड्न सकेमा कृषि अर्थतन्त्रमा यसको प्रभाव थप बढ्न सक्ने देखिन्छ ।

प्रज्ञा पाठशालामा विज्ञान, रोबोटिक्स र एआईका नमुना प्रदर्शनी



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २ असोज

सुर्खेतको वीरेन्द्रनगर-९ मा रहेको प्रज्ञा पाठशाला विद्यालयमा विद्यार्थीले निर्माण गरेका विज्ञान, रोबोटिक्स तथा एआईसम्बन्धी सामग्रीको प्रदर्शनी गरिएको छ । १४औँ राष्ट्रिय विज्ञान दिवसको अवसरमा विद्यालयले 'प्रज्ञा वार्षिक विज्ञान तथा रोबोटिक्स प्रदर्शनी-२०८३' आयोजना गरेको हो ।

प्रदर्शनीमा विद्यालयका विद्यार्थीले विज्ञान, रोबोटिक्स, एआई, ऊर्जा तथा वातावरणसँग सम्बन्धित विभिन्न परियोजना र नमुना प्रदर्शन गरेका छन् । विद्यार्थीले हाइड्रो इनर्जी मोडल, विन्ड इनर्जी मोडल, स्मार्ट ब्लाइन्ड स्टिक, स्मार्ट डस्टबिन, सोलार ट्र्याकिङ हाउस लगायतका सामग्री निर्माण गरेर प्रदर्शनीमा राखेका थिए ।

विद्यार्थीले प्रविधिको प्रयोगलाई दैनिक जीवनसँग जोड्दै स्मार्ट ब्लाइन्ड स्टिक र स्मार्ट डस्टबिन समेत निर्माण गरेका छन् । प्रदर्शनीमा च्याबिट ट्र्याक्सिडर्मी मोडल, रकेट लगायतका अन्य विज्ञानसम्बन्धी सामग्रीसमेत राखिएका थिए । विद्यार्थीले आफूले निर्माण गरेका सामग्री कसरी काम गर्छन् भन्नेबारे आगन्तुकलाई जानकारी दिनुका साथै विभिन्न सामग्रीको डेमोस्ट्रेसनसमेत देखाएका थिए । विद्यार्थीले तयार पारेको हाइड्रो इनर्जी मोडलमा पहाडी भू-भाग, बस्ती तथा जलविद्युत् उत्पादनको अवधारणा देखाइएको छ । विन्ड इनर्जी मोडलमा हावाबाट ऊर्जा उत्पादन गर्ने प्रविधिलाई नमुनामार्फत प्रस्तुत गरिएको छ । त्यस्तै सोलार ट्र्याकिङ हाउसमा सौर्य ऊर्जाको प्रयोगसँग सम्बन्धित अवधारणा प्रस्तुत गरिएको छ ।

विद्यालयले विद्यार्थीलाई विज्ञानका विषयलाई पाठ्यपुस्तकमा सीमित नराखी प्रयोगात्मक रुपमा सिकाउने उद्देश्यले हरेक वर्ष विज्ञान प्रदर्शनी आयोजना गर्दै आएको जनाएको छ । विद्यार्थीलाई आफ्नै सोच, रुचि र सिर्जनशीलताका आधारमा विज्ञान तथा प्रविधिसँग सम्बन्धित सामग्री निर्माण गर्न प्रोत्साहित गर्ने उद्देश्यले प्रदर्शनी आयोजना हुँदै आएको हो ।

कार्यक्रममा बोल्दै वीरेन्द्रनगर-९ का वडाध्यक्ष ऋषि गिरीले यस्ता प्रदर्शनीले विद्यार्थीको क्षमता र सिर्जनशीलता बढाउन हौसला पुग्ने बताए । विज्ञानका विषयलाई प्रयोगात्मक रूपमा सिक्ने र आफूले सिकेको विषयलाई सामग्री निर्माणमार्फत प्रस्तुत गर्ने अवसरले विद्यार्थीको आत्मविश्वाससमेत बढाउने उनको भनाइ छ ।

उनले अहिले विश्व नै जलवायु परिवर्तनको चपेटामा परिरहेको भन्दै विद्यार्थीले जलविद्युत, वायु ऊर्जा, सौर्य ऊर्जालगायतका विषयमा सामग्री बनाएर प्रदर्शन गर्नु महत्वपूर्ण रहेको बताए । यस्ता गतिविधिले

बाँकी पृष्ठ ३

संविधान दिवस भव्यरूपमा मनाऔं

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।

संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक

साहित्य

शनिवार, ३ असोज, २०८३
Saturday, 19 Sep 2026

आफ्नो लागि बाँच्न नपाएको उमेर



✍ टीका कुमारी राना क्षेत्री

सुर्खेत जिल्ला चिङ्गाड गाउँ पालिकाका पहाडको काखमा बसेको एउटा सुन्दर र शान्त गाउँ रानीबास हो । जहाँ चारैतिर हरिया डाँडाकाँडा, बीच-बीचमा देखिने खेतका गराहरू, बिहानै चराचुरुङ्गीको चिरबिर आवाजले गाउँलाई आफ्नै किसिमको मिठास दिएको छ । गाउँमा ठूला-ठूला सहरका जस्ता पक्की सडक, अग्ला भवन र झिलिमिली बत्तीहरू छैनन्, तर यहाँका मानिसहरूको मन भने निकै फराकिलो छ । दुःख पर्दा छिमेकीको घरमा पुग्ने, सुख पर्दा सबै मिलेर रमाउने र कसैको घरमा समस्या आइपर्दा आफ्नो समस्या सम्झेर सहयोग गर्ने चलन अझै पनि गाउँमा जीवित छ ।

मेरो घर पनि त्यही गाउँको एउटा सामान्य घर हो । घर ठूलो र सम्पन्न छैन, तर परिवारका सदस्यहरूको माया, विश्वास र आत्मीयताले गर्दा मलाई संसारकै सबैभन्दा ठूलो र सुरक्षित ठाउँ यही घर लाग्छ । घरको आँगनमा पाइला टेक्नेबित्तिकै बाल्यकालका अनेकौँ सम्झनाहरू आँखाअगाडि आउँछन् । त्यही घरको आँगनमा दाजुभाइ तथा दिदीबहिनीहरूसँग गरेका झगडा र फेरि केही बेरमै मिलेर हाँसेका क्षणहरू आज पनि मनमा ताजा छन् ।

मेरो परिवार सामान्य तर ठुलो परिवार हो । परिवारमा आमा बुबा,पाँच दाइ,चार भाउजू चार दिदी बहिनी , दस भदै भदैनी गरि जम्मा पच्चीस जना सदस्य छौ ।प्रत्येक सदस्यको आ-आफ्नै जिम्मेवारी छ । घर चलाउन बुबा र दाईहरुले गरेको संघर्ष, घरलाई सम्हाल्न आमा र भाउजू हरुले गरेको त्याग र सन्तानको भविष्य राम्रो होस् भनेर परिवारका सबैले गरेको मेहनत नै हाम्रो परिवारको वास्तविक सम्पत्ति हो । आमा र भाउजूको हातको खाना, बुबा दाइको पसिनाको कमाइ र घरका सबै सदस्यबीचको माया कुनै धनसम्पत्ति भन्दा ठूलो लाग्छ । कहिलेकाहीँ आर्थिक अभावले चाहेका कुरा पूरा गर्न नसकिए पनि परिवारका सदस्यहरूबीचको आत्मीयताले ती अभावहरूलाई बिर्साइदिन्छ ।

बाल्यकालमा मलाई गाउँको दुःखभन्दा गाउँको सुन्दरता बढी देखिन्थ्यो । खेतका आलीमा दौडिनु, साथीहरूसँग खेल्नु, चाडपर्वमा नयाँ लुगा लगाउनु, दशैँ-तिहारमा घरपरिवारसँग बसेर रमाउनु र साँझ परेपछि सबै जना एउटै ठाउँमा बसेर दिनभरिका कुरा गर्नु नै जीवनको सबैभन्दा ठूलो खुसी थियो । तर समयसँगै पढाइ र जिम्मेवारी बढ्दै गएपछि गाउँको वास्तविकता पनि बुझ्दै गएँ । गाउँमा अवसर कम थिए, रोजगारीका सम्भावना सीमित थिए र राम्रो शिक्षा तथा भविष्यका लागि धेरै युवा युवती सहरतिर जानुपर्ने बाध्यता थियो ।त्यसै कारण म पनि आफ्नो गाउँ, घरपरिवार र बाल्यकालका मीठा सम्झनाहरू मनमा बोकेर सहरतिर पढ्न जाने कुरा भयो ।एउटा गाउँकी छोरीको सहर, संघर्ष र अधुरो सपनाको कथा गाउँबाट सहरतिर आउने त्यो बिहान आज पनि मेरो आँखाभरि उस्तै ताजा भएर उभिन्छ, त्यो दिन बितेको होइन, मेरो जीवनको कुनै कुनामा अझै पनि त्यही बिहान रोकिएर बसेको छ, जहाँ घरको आँगनमा शीतका थोपा टल्किरहेका थिए, गोठबाट गाईवस्तुको आवाज आइरहेको थियो, आमा र भाउजूले भान्साको चुल्होमा आगो बालेर मेरो लागि अन्तिमपटक गाउँकै स्वादमा खाना पकाइरहनुभएको थियो, बाबा र दाइले बाहिर आँगनमा बसेर मेरो झोला मिलाइरहनुभएको थियो, अनि म भने घरका प्रत्येक भित्तालाई, आँगनको प्रत्येक कुनालाई, आफू हुर्किएको त्यो माटोलाई र बाल्यकालका अनगिन्ती सम्झनालाई आँखाभित्र कैद गर्ने प्रयास गर्दै थिएँ, किनकि मलाई थाहा थियो–सहर पढ्न जाने यो यात्रा केवल केही वर्षका लागि हो कि जीवनकै सबैभन्दा लामो यात्राको सुरुआत हो, त्यो मलाई थाहा थिएन, तर यति अवश्य थाहा थियो कि आज घरबाट बाहिर निस्किएपछि म फेरि त्यही पुरानो छोरी भएर फर्किन सक्नेछु कि सक्दिनँ, त्यसको कुनै निश्चितता थिएन ।आमाले मेरो झोलामा कपडा राख्दै गर्दा बारम्बार केही न केही सम्झाइरहनुभएको थियो–"समयमा खाना खानू, धेरै दुःख नगर्नू, कसैको भरमा नपर्नू, पढाइलाई पहिलो प्राथमिकता दिनू, अनि घरको सम्झना लागे फोन गर्नू," तर आमाको आवाजभित्र लुकेको वास्तविक कुरा ती शब्दहरूभन्दा धेरै गहिरो थियो, किनकि उहाँ छोरीलाई सहर पठाउँदै हुनुहुन्थ्यो, छोरीले आफ्नो भविष्य बनाउनुपर्छ भन्ने चाहना थियो, तर मनको एउटा कुनामा छोरी घरबाट टाढा भएपछि कसरी बाँच्ली, बिरामी पर्दा कसले पानी देला, दुःखी हुँदा कसले टाउको सुम्सुम्याउला, थाक्दा कसले "अब आराम गर" भन्ला भन्ने डर पनि थियो ।

बाबा भने सधैँजस्तै कम बोल्नुभयो, तर उहाँको मौनताभित्र धेरै कुरा थिए, र गाडी चढ्ने बेलामा उहाँले मेरो काँधमा हात राखेर यति मात्र भन्नुभयो–"छोरी, दुःखदेखि नडराउनु, दुःखले मान्छेलाई कमजोर होइन, बलियो बनाउँछ, तर आफ्नो मन कहिल्यै नहार्नु ।"त्यो वाक्य मैले त्यसबेला सामान्य रूपमा सुनेकी थिएँ, तर सहरमा बितेका वर्षहरूले मलाई पछि बुझाए–बाबाले त्यो दिन मलाई पढाइको मात्र होइन, जीवनको सबैभन्दा ठूलो पाठ दिनुभएको रहेछ ।

गाडी बिस्तारै गाउँबाट टाढिँदै जाँदा मैले झ्यालबाट पछाडि फर्केर हेर्दै, घरको रातो छानो बिस्तारै सानो हुँदै गयो, आँगनको छेउमा उभिएकी आमा अझै हात हल्लाइरहनुभएको थियो, बाबाले पनि हात उठाएर बिदाइ दिइरहनुभएको थियो, दाइ भाउजू छिमेकी काकी, साना भाई बहिनी र केही साथीहरू बाटोछेउ उभिएका थिए, र मलाई अचानक यस्तो लाग्यो–म एउटा ठाउँ मात्र छोडिरहेकी छैन, म आफ्नो बाल्यकाल, आफ्नो निश्चिन्तता, आफ्नो घरको न्यानोपन र आफूले नबुझीकन बाँचिरहेको एउटा सुन्दर जीवन पनि पछाडि छोडेर जाँदैछु ।सहर पुगेपछि केही दिनसम्म मलाई सबै कुरा नयाँ र सुन्दर लाग्यो, सडकमा मानिसहरूको भीड, अग्ला घरहरू, राति पनि ननिभ्ने बत्तीहरू, पसलका चम्किला सिसाहरू, हरेक दिशामा दौडिरहेका मानिसहरू, कलेज जाने विद्यार्थीहरूको हुल, बोर्डिङ स्कुलका पोसाकमा हिँडिरहेका बालबालिका–सबै देख्दा लाग्थ्यो, यही त हो अवसरको शहर, यही ठाउँबाट मैले आफ्नो सपना पूरा गर्नुपर्छ, यहींबाट मेरो भविष्यको नयाँ अध्याय सुरु हुनुपर्छ ।तर शहरले केही दिनमै आफ्नो अर्को अनुहार देखायो, जहाँ हरेक मानिस आफ्नै काममा व्यस्त थियो, जहाँ कसैलाई कसैको दुःख सुन्न फुर्सद थिएन, जहाँ गाउँमा एउटा घरमा समस्या पर्दा छिमेकीको चुल्हो बल्दैनथ्यो भने शहरमा एउटै कोठाको भित्तापारि कोही रातभर रोए पनि अर्को कोठामा बस्ने मानिसलाई त्यसको खबर थाहा नै हुदैनथ्यो र त्यही शहरको भीडभित्र म बिस्तारै आफूलाई एउटा यस्तो मान्छेका रूपमा भेट्दै गएँ, जो धेरै मानिसहरूको बीचमा भएर पनि आफ्नो कुरा राख्ने ठाउँ खोजिरहेको थियो ।

कलेज सुरु भयो, पढाइ सुरु भयो, नयाँ साथीहरू बने, र जीवन केही समयसम्म आफ्नै गतिमा चलिरहेको जस्तो लाग्यो, तर घरबाट आएको फोनले हरेकपटक मेरो जीवनको दिशा बदलिदिन्थ्यो, किनकि घरमा परिवारका आवश्यकता थिए, खर्च थिए, भदैहरूको पढाइ थियो, कहिले घरमा कसैलाई बिरामी पर्थ्यो, कहिले कुनै कामका लागि पैसा पठाउनुपर्ने हुन्थ्यो, अनि मैले आफूलाई बारम्बार सम्झाउनुपर्थ्यो–"तँ यहाँ आफ्नो लागि मात्र आएकी होइनस्, घरका धेरै आशाहरू लिएर आएकी छस् ।"

त्यसपछि मैले बोर्डिङ स्कुलमा पढाउने काम सुरु गरेँ, किनकि पढाइसँगै केही कमाइ पनि गर्नुपर्छ भन्ने आवश्यकता थियो, र पहिलो दिन कक्षाकोठामा उभिँदा विद्यार्थीहरूलाई पढाउँदै गर्दा बाहिरबाट हेर्ने मानिसलाई म निकै आत्मविश्वासी देखिन्थेँ, तर भित्रभित्रै मेरो मनमा अनेक प्रश्नहरू दौडिरहेका थिए–कलेजको पढाइ कसरी मिलाउने, लोकसेवाको तयारी कहिले गर्ने, घरको काम कसरी सम्हाल्ने, भदैहरूको हेरचाह कसरी गर्ने, शरीरले कति दिनसम्म यस्तो दौडधुप सहने, अनि सबैभन्दा ठूलो कुरा, आफ्नै सपनालाई कतिसम्म बचाइराख्न सक्ने ? दिनहरू विस्तारै हप्तामा बदलिन थाले, हप्ता महिनामा बदलिन थाले, र मैले महसुस गर्न थालेँ कि मेरो दिनको प्रत्येक घडी अरू कसैको आवश्यकता पूरा गर्नमा खर्च भइरहेको छ । बिहान उठेपछि भदैहरूलाई उठाउने,कलेज पढ्न जाने, उनीहरूको लुगा तयार पार्ने, खाजा बनाउने, स्कुल पठाउने, आफू हतारहतार तयार भएर बोर्डिङ स्कुल पढाउन जाने, दिनभरि विद्यार्थीलाई पढाउने, स्कुलबाट फर्केर कलेजको काम मिलाउने, भदैहरूको गृहकार्य हेर्ने, खाना पकाउने, भाँडा माझने, लुगा धुने, भोलिको स्कुलको तयारी गर्ने र गाउँमा हुँदा लाग्थ्यो, शहर पुगेपछि जीवन सजिलो हुन्छ होला । बिहान अबेरसम्म सुत्न पाइएला, आफूलाई मन लागेको कुरा गर्न पाइएला, पढाइमा ध्यान दिन पाइएला । तर शहरले मलाई स्वागतभन्दा पहिले जिम्मेवारीको भारी थमाइदियो ।

म शहरमा पढ्न आएकी थिएँ । हातमा किताब थियो, आँखामा ठूलो सपना थियो । लोकसेवामा नाम निकाल्ने रहर थियो । परिवारलाई केही गर्न सकूँ, आफ्नै खुट्टामा उभिन सकूँ भन्ने चाहना थियो । तर मेरो सपना पूरा हुनुभन्दा पहिले मेरो काँधमा अरूको जिम्मेवारी थपियो । सबै निदाइसकेपछि रातको शान्त समयमा लोकसेवाको किताब खोल्ने–यही नै मेरो जीवनको दिनचर्या बनेको थियो । कहिलेकाहीँ मलाई लाग्थ्यो, म घडीको सुईजस्तै निरन्तर घुमिरहेकी छु, तर मेरो जीवन भने एउटै ठाउँमा अड्किएको छ ।सबैका लागि मसँग समय हुन्थ्यो, तर आफ्नै लागि समय थिएन ।सबैको भोक सम्झिन्थेँ, तर आफ्नो भोक बिर्सिन्थेँ ।सबैको थकाइ बुझ्थेँ, तर आफ्नो थकाइलाई चुप लगाउँथेँ ।सबैको दुःख सुन्थेँ, तर आफ्नो मनको कुरा भने कसैलाई सुनाउन सक्दिनथेँ ।एक पाना पढ्न खोज्दा अर्को काम सम्झिन्थ्यो ।दुई पाना पढ्दा भोलिको स्कुलको तयारी सम्झिन्थ्यो । कहिलेकाहीँ किताबमाथि नै आँसु खस्थ्यो ।

त्यो आँसु कसैलाई देखाउन चाहन्थेँ ।किनकि मलाई थाहा थियो–यदि मैले रोएँ भने कसैले सोध्नेछ,"किन रोएकी?"मसँग उत्तर थिएन ।माया-प्रेमको कमी भएर रोएको पनि होइन । कसैले धोका दिएको थिएन । कसैले छोडेर गएको पनि थिएन ।म त आफ्नै जीवनलाई समय दिन नपाएर रोएकी थिएँ ।

मेरो उमेरका धेरै मानिसहरू आफ्ना रहरहरू पूरा गर्दै थिए । कोही घुम्न निस्कन्थे, कोही साथीहरूसँग रमाउँथे, कोही आफ्नो भविष्यका योजना बनाउँथे । अनि म?"मेरो पढाइ कहिले होला?""मेरो सपना कहिले पूरा होला?" "म आफैँलाई समय कहिले दिऊँला?" भनेर सोचिरहन्थे ।

भदैहरू मेरो जीवनको ठूलो जिम्मेवारी बनेका थिए, तर उनीहरू मेरो लागि बोझ थिएनन्, बरु उनीहरूको सानो मुस्कानले दिनभरि थाकेको मनलाई केहीबेर भए पनि हल्का बनाइदिन्थ्यो; उनीहरू स्कुलबाट फर्कने बेला "फुपू त्भबअजभच आज मैले स्कुलमा यस्तो गरेँ" भनेर खुसी हुँदै सुनाउँदा म आफ्नो सबै थकान बिर्सिन्थेँ, उनीहरू बिरामी पर्दा रातभर उनीहरूको छेउमा बसेर निधार छामिरहन्थेँ, उनीहरू निदाएपछि मात्र आफ्नो किताब खोल्थेँ, अनि कहिलेकाहीँ उनीहरूको निदाएको अनुहार हेर्दै मनमनै सोच्थेँ–"तिमीहरू ठूलो भएपछि सायद कहिल्यै थाहा पाउनेछैनौ,तिमीहरूलाई सुरक्षित र खुसी राख्न खोज्दा कसैले आफ्ना कति रातहरू निद्राविहीन बनाएको छु ।"तर मैले उनीहरूलाई कहिल्यै दोष दिइनँ, किनकि उनीहरू निर्दोष थिए, जिम्मेवारी उनीहरूको थिएन, परिस्थिति र मेरो थियो ।गाउँमा हुँदा मेरा केही साथीहरू थिए, जोसँग म जीवनका साना-ठूला कुरा बाँड्थेँ, स्कुलबाट फर्किँदा बाटोमा हिँड्दै गफ गथ्यौँ, कसैले परीक्षा राम्रो गरेको दिन सबै मिलेर खुसी हुन्थ्यौँ, कसैको जन्मदिनमा ठूलो उपहार नभए पनि एउटा मिठाई लिएर घरको आँगनमै रमाउँथ्यौँ, तर शहर आएपछि ती सबै कुरा सम्झना मात्र बने ।

साथीहरूले कहिलेकाहीँ फोन गर्थे । "कस्तो छ शहर?" "ठीकै छ ।" "कलेज कस्तो छ?" "राम्रो छ ।" "घुम्न निस्किनुपर्छ नि एकदिन ।"

म हाँस्दै भन्थेँ, "समय मिल्यो भने जाऔँला ।"

तर मलाई थाहा थियो–समय मिल्ने सम्भावना धेरै कम थियो ।उनीहरूले सायद मेरो "समय मिल्यो भने" भन्ने शब्दको पछाडि लुकेको थकान बुझ्दैनथे, किनकि म कसैलाई आफ्नो समस्या सुनाउन चाहन्थेँ, मलाई डर लाग्थ्यो, धेरै कुरा सुनाएँ भने उनीहरूले मलाई कमजोर ठान्लान् कि, वा मेरो जीवनप्रति दया गर्लान् कि, र मलाई दया होइन, आफ्नो खुट्टामा उभिने अवसर चाहिएको थियो । त्यसैले म सधैँ हाँसेर भन्थेँ–"म ठीक छु ।" तर सत्य के थियो भने, म ठीक थिइनँ । म केवल ठीक भएको अभिनय गर्न सिक्दै गएकी थिएँ । एकदिन कलेजबाट फर्किँदा बाटोमा गाउँको पुरानो साथी भेटिइन् ।उनीले मलाई केहीबेर हेरिन् र भनीन्, "तिमी त धेरै बदलिएकी छौ ।"मैले हाँस्दै सोधेँ, "कसरी?"उनले भनिन् "पहिले तिम्रो अनुहारमा हाँसो हुन्थ्यो, अहिले हाँस्दा पनि आँखामा थकान देखिन्छ ।"उनको त्यो एउटा वाक्यले मेरो मनभित्र वर्षौँदेखि बन्द एउटा ढोका खोलिदियो ।मैले त्यहीँ सडकको भीडमा उभिएर आफ्नो जीवनलाई पहिलोपटक बाहिरबाट हेरेँ ।साँच्चै, म बदलिएकी थिएँ ।पहिले म भविष्यको सपना देख्ने केटी थिएँ ।अहिले म भविष्य बनाउन वर्तमानलाई दिनदिनै खर्च गरिरहेकी थिएँ ।पहिले म समय बिताउँथेँ ।अहिले समयले मलाई बिताइरहेको थियो ।

गाउँबाट फोन आउँदा आमाको आवाज सुन्नासाथ मेरो मन नरम हुन्थ्यो ।"छोरी, खाना खायौ?""खाएँ आमा ।"धेरै पटक मैले खाना खाएकी हुन्थेँ ।तर आमालाई कसरी भनूँ?

उहाँले फेरि सोध्नुहुन्थ्यो, "धेरै थाक्छ्यौ कि?"म भन्थेँ, "अहँ, त्यस्तो केही छैन ।"तर फोन राखेपछि म केहीबेर मोबाइललाई छातीमा टाँसेर बसिरहन्थेँ ।आमालाई आफ्नो दुःख बताउन मन लाग्थ्यो ।"आमा, म थाकेँ ।""आमा, मलाई घर आउन मन लाग्यो ।""आमा, कहिलेकाहीँ मलाई पनि कसैले काखमा राखेर 'अब केही नगर्नू, आराम गर' भनिदिए हुन्थ्यो ।"तर यीमध्ये कुनै कुरा मुखबाट निस्कँदैनथे ।किनकि मलाई थाहा थियो, मैले "म थाकेँ" भनेँ गाउँमा बसेकी आमा पनि थाक्नुहुने छ ।बाबाले फेरि सोध्नुहुन्थ्यो, "पढाइ कस्तो छ पढ्छेउ कि पढ्दनौ"म भन्थेँ, राम्रो छ बुबा म"पढ्दै छु ।"त्यो पनि आधा सत्य थियो ।म पढ्न चाहन्थेँ ।तर समयले मलाई पढ्न दिइरहेको थिएन ।त्यसैले मैले रातलाई आफ्नो साथी बनाएँ ।सबै निदाएपछि मात्र मेरो वास्तविक पढाइ सुरु हुन्थ्यो ।रातको बाह्र बजिसकेको हुन्थ्यो ।घर शान्त हुन्थ्यो ।भदैहरू निदाइसकेका हुन्थे ।भान्साका भाँडा मिलाइसकिएका हुन्थे ।बाहिर शहरको आवाज पनि केही कम भएको हुन्थ्यो ।म कुर्सीमा बसेर टेबलमा लोकसेवाको किताब खोल्थेँ ।कहिलेकाहीँ एक पाना पढ्दै गर्दा निद्रा लाग्थ्यो ।कहिलेकाहीँ कलम हातमै लिएर निदाउँथेँ । कहिलेकाहीँ किताबको पानामा आँसुका थोपा खस्थे ।त्यसपछि म ती आँसु हातले पुछेर फेरि पढ्न थाल्थेँ । मलाई लाग्थ्यो–यदि आज हारेँ भने भोलि उठेर आफूलाई कसरी हेर्नु?मैले गाउँमा आमालाई वाचा गरेकी थिएँ । मैले बाबालाई सपना देखाएकी थिएँ ।मैले आफूलाई पनि एउटा वाचा गरेकी थिएँ ।त्यसैले म थाकेर पनि पढ्थेँ ।

रोएर पनि पढ्थेँ ।निद्रा लागेर पनि पढ्थेँ । कहिलेकाहीँ नबुझेर पनि पढ्थेँ ।किनकि मलाई विश्वास थियो–आजको एउटा पाना भोलिको एउटा सम्भावना हो ।दशैँ, तिहार, तीज, माघे सङ्क्रान्ति–गाउँमा चाडपर्व आउँदा मेरो मन अझै बढी घरतिर भाग्थ्यो ।तिहारमा गाउँको आँगनमा दियो बलिरहेको सम्झिन्थेँ ।भाउजूले सेलरोटी पकाएको सम्झिन्थेँ । देउसी-भैलो खेल्न हिँडेको सम्झिन्थेँ ।साथीहरूले घरघरमा गएर गीत गाएको सम्झिन्थेँ ।बाबाले आँगनको डिलमा बसेर सबैलाई हेर्दै मुस्कुराएको सम्झिन्थेँ ।अनि म शहरको एउटा सानो कोठामा बसेर भदैहरूका लागि खाना बनाइरहेकी हुन्थेँ ।उनीहरू खुसी थिए ।म पनि उनीहरूको खुसीमा खुसी हुने प्रयास गर्थेँ ।तर मनको कुनै कुनामा गाउँको त्यो आँगनले मलाई बोलाइरहेको हुन्थ्यो ।त्यस दिन आमाले फोन गरेर सोध्नुभयो, "छोरी, यसपालि पनि आउन पाइनस् ? "म केहीबेर चुप लागेँ ।"आमा, काम धेरै छ ।" "त्यसो भए अर्को पटक आउनू ।"आमाले सहजै भन्नुभयो ।तर उहाँको त्यो सहज आवाजभित्र लुकेको निराशा मैले स्पष्ट सुनेँ ।फोन राखेपछि म धेरै बेरसम्म रोएँ ।त्यो दिन मैले पहिलोपटक बुझेँ–कहिलेकाहीँ मान्छे आफ्नो परिवारलाई माया नगरेर होइन, परिवारलाई धेरै माया गरेको कारण नै परिवारबाट टाढा हुन बाध्य हुन्छ ।समय बित्दै गयो ।कलेजका साथीहरू आफ्नो बाटो लाग्दै गए ।कसैले जागिर पाए ।कसैले विदेश जाने तयारी गरे ।कसैले बिहे गरे ।कसैले नयाँ जीवन सुरु गरे ।म भने अझै त्यहीँ थिएँ–कलेज, बोर्डिङ स्कुल, भदैहरू, घरको काम र लोकसेवा किताबको बीचमा ।कहिलेकाहीँ लाग्थ्यो, मेरो उमेर अरूको भन्दा ढिलो चलिरहेको छ ।अरूहरू अगाडि बढिरहेका थिए ।म भने जिम्मेवारीका कारण आफ्नै ठाउँमा रोकिएजस्तो लाग्थ्यो । तर फेरि सोच्थेँ–म रोकिएकी कहाँ छु र? म त प्रत्येक दिन केही न केही लडिरहेकी छु । मेरो यात्रा देखिने खालको छैन ।

मेरो उपलब्धि अहिले कागजमा लेखिएको छैन । तर मेरो संघर्ष वास्तविक छ । मेरो थकान वास्तविक छ । मेरो सपना वास्तविक छ । एक रात गाउँबाट खबर आयो– आमा बिरामी पर्नुभएको रहेछ ।फोन घन्टी बजेको सुन्नासाथ मेरो हात काँप्यो ।जीवनमा दुःखका धेरै रूपहरू देखिन्छन्, तर आफ्नै आमालाई बिरामी भएको देख्नु सुन्नु जस्तो पीडा सायद अरू केही हुँदैन । आमा घरकी त्यस्ती व्यक्ति हुनु, जसले आफूलाई जति नै दुःख भए पनि सन्तानको अगाडि मुस्कुराउन खोज्छिन् । आफू थाकेको कुरा लुकाएर सन्तानका लागि खाना बनाउने, आफूलाई समस्या भए पनि सन्तानको समस्या सोध्ने र आफ्ना इच्छा तथा रहरहरूलाई पछाडि राखेर परिवारको खुसीमा रमाउने आमालाई जब रोगले थला पार्छ, त्यतिबेला घरको वातावरण नै सुनसान र उजाडजस्तो लाग्दोरहेछ ।

मलाई आज पनि त्यो समय सम्झँदा मन भारी भएर आउँछ । आमाको अनुहार र स्वरमा पहिले जस्तो चमक थिएन, शरीर कमजोर हुँदै गएको थियो र सामान्य काम गर्न पनि गाह्रो भइरहेको थियो । घरमा आमाको आवाज नआउँदा घर नै खाली-खाली लाग्थ्यो । सधैँ अरूलाई हेरचाह गर्ने आमा आफैँ ओछ्यानमा थला परेको दृश्य सुन्दा मनभित्र अनेकौँ प्रश्न उठ्थे–"आमालाई यस्तो किन भयो होला? उहाँको दुःख म कसरी कम गरूँला?" तर ती प्रश्नहरूको जवाफ मसँग थिएन ।आमालाई अस्पताल वा स्वास्थ्यचौकी लैजानुपर्ने अवस्था आउँदा मनमा डर र चिन्ता दुवै हुन्थ्यो । औषधि, उपचार र खर्चको चिन्तासँगै आमाको स्वास्थ्यको चिन्ता झन् ठूलो भएर आउँथ्यो । आमाको नजिक बसेर उहाँलाई हेर्दा आफ्ना बाल्यकालका दिनहरू सम्झिन्थेँ । आफू सानो हुँदा बिरामी पर्दा रातभरि नसुती मेरो छेउमा बस्ने, निधार छाम्ने, औषधि खुवाउने र "अब ठीक हुन्छ" भन्ने आमा आज आफैँ बिरामी भएर पीडामा हुनुहुन्थ्यो । त्यो दृश्यले मनलाई भित्रैदेखि कमजोर बनाउँथ्यो ।

त्यतिबेला मलाई आमाको माया कति ठूलो रहेछ भन्ने अझ गहिरो गरी महसुस भयो । हामी सानो हुँदा आमाले हाम्रो लागि गरेका त्यागहरूलाई सामान्य ठान्थ्यौँ । उहाँले आफ्नो आराम, निद्रा, रहर र सुखभन्दा हाम्रो भविष्यलाई ठूलो मान्नुभएको रहेछ । तर जब उहाँ बिरामी पर्नुभयो, बल्ल बुझियो–घरमा आमा हुनु भनेको केवल एउटा सदस्य हुनु होइन रहेछ; आमा हुनु भनेको घरको उज्यालो, परिवारको साहस र सन्तानको सबैभन्दा सुरक्षित आश्रय हुनु रहेछ ।

आमाको बिरामी अवस्थाले मलाई जीवनका धेरै कुरा सिकायो । पैसा, पढाइ, काम र भविष्यका सपना सबै आवश्यक छन्, तर आफ्ना मानिसहरूको स्वास्थ्य र साथभन्दा ठूलो कुरा केही रहेनछ । सहरमा बसेर आफ्नो भविष्य बनाउन खोज्दा कहिलेकाहीँ घरबाट टाढा हुनुपर्छ, तर मन भने सधैँ घरमै अड्किएको हुन्छ । आमाको बिरामीको खबर सुन्दा आफू जतिसुकै टाढा भए पनि मन तुरुन्तै घर पुगिसकेको हुन्थ्यो । फोनमा आमाको आवाज सुन्दा उहाँले "म ठीक छु" भन्नुहुन्थ्यो, तर आवाजभित्र लुकेको पीडा महसुस हुन्थ्यो । उहाँ सन्तानलाई चिन्ता नहोस् भनेर आफ्नो दुःख लुकाउनुहुन्थ्यो, अनि म उहाँको दुःख थाहा पाएर पनि केही गर्न नसक्दा मनभित्रै रोइरहेको हुन्थेँ ।

आमाको ओछ्यानछेउमा बसेका ती दिनहरू आज पनि सम्झनामा छन् । औषधिको समय कुर्नु, पानी खुवाउनु, खाना खान आग्रह गर्नु र आमाको अनुहारमा फेरि पहिलेको मुस्कान कहिले फर्किएला भनेर प्रतीक्षा गर्नु नै दिनचर्या बनेको थियो । आमाले अलिकति राम्रो महसुस गर्दा घरमा पनि खुसी फर्किएजस्तो लाग्थ्यो, तर उहाँको स्वास्थ्य फेरि कमजोर हुँदा मनमा अँध्यारो छाउँथ्यो ।

त्यो समयले मलाई एउटा कुरा गहिरोसँग बुझायो–आमाको माया संसारको सबैभन्दा निःस्वार्थ माया रहेछ । आमाले सन्तानसँग केही माग्दिनन्, केवल सन्तान सुखी भएको हेर्न चाहन्छिन् हामीले जीवनमा जति नै सफलता हासिल गरे पनि आमाको आँखामा खुसी देख्न सकेनौँ भने त्यो सफलता अधुरोजस्तो लाग्छ । आज पनि आमालाई सम्झिँदा मनमा एउटै चाहना आउँछ–उहाँ सधैँ स्वस्थ रहून्, उहाँको अनुहारमा मुस्कान रहोस् र मैले जीवनमा केही राम्रो गर्न सकेँ भने त्यो सफलताको पहिलो खुसी आमाको आँखामा देख्न पाऊँ । आमाले मेरो लागि सहनुभएको दुःखको ऋण तिर्न त सम्भव छैन, तर उहाँको माया र त्यागलाई सम्झेर असल मानिस बन्ने प्रयास गर्न भने सक्छु । आमा बिरामी पर्दाको त्यो पीडा मेरो जीवनको कहिल्यै नबिर्सने अध्याय बनेर बसेको छ । त्यसपछि आमाको हरेक मुस्कान मलाई अमूल्य लाग्न थाल्यो, उहाँले बोलाउनु भएको हरेक शब्द मनमा बस्न थाल्यो र उहाँसँग बिताएको हरेक क्षण जीवनको सबैभन्दा ठूलो उपहारजस्तो लाग्न थाल्यो । किनकि घरमा आमा स्वस्थ भएर मुस्कुराइरहनु नै सन्तानका लागि संसारकै सबैभन्दा ठूलो खुसी रहेछ । आमा बिरामी पर्दा म तत्काल गाउँ जान चाहन्थेँ ।

डोल्पामा विपद् पूर्वतयारीमा जोड



काँक्रेविहार संवाददाता
डोल्पा, २ असोज

रसुवाको भोटेकोशी क्षेत्रमा भदौमा आएको बाढी- पहिरोबाट भएको क्षतिबाट पाठ सिक्दै डोल्पामा सम्भावित विपद् व्यवस्थापनका लागि पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाउने निर्णय गरिएको छ।

बिहीबार जिल्ला प्रशासन कार्यालयमा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले बाढी, पहिरो, भूकम्पलगायत विपद्बाट हुन सक्ने जनधन तथा भौतिक क्षति न्यूनीकरणका लागि पूर्वतयारीलाई प्राथमिकता दिने निर्णय गरेको हो।

बैठकले राहत, उद्धार, स्रोतसाधन व्यवस्थापन, जोखिम पूर्वानुमान तथा विभिन्न निकायको जिम्मेवारी समेटिएको 'विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८३' अनुमोदन गरेको छ।

सम्भावित जोखिमलाई ध्यानमा राख्दै आवश्यक स्रोतसाधनको व्यवस्थापन, उद्धार तथा राहतको तयारी र सम्बन्धित निकायबीच समन्वयलाई प्रभावकारी बनाउने निर्णय भएको छ।

बैठकले विपद् प्रभावित १० जनालाई राहत उपलब्ध गराउने निर्णयसमेत गरेको छ। ठुलीभेरी नगरपालिकाका विभिन्न वडामा वर्षा, पहिरो र भूकम्पका कारण घर तथा भौतिक संरचनामा क्षति पुगेको विवरण बैठकमा प्रस्तुत गरिएको थियो।

संग्राम शार्दुल गुल्म, सुलिगाड डोल्पाले तयार पारेको विपद्सम्बन्धी प्रस्तुतीकरण पनि अनुमोदन गरिएको छ। गुल्मका मेजर नरेश विष्टले सम्भावित जोखिम, पूर्वतयारी, प्रतिकार्य तथा विपद्का समयमा विभिन्न निकायको भूमिकाबारे जानकारी गराएका थिए।

प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालले विपद् आउनुअघि नै आवश्यक तयारी, स्रोत व्यवस्थापन र जिम्मेवारी स्पष्ट गर्न सके क्षति न्यूनीकरणमा सहयोग पुग्ने बताइन्।

जिल्ला समन्वय समिति प्रमुख श्यामबहादुर रोकायाले विपद् व्यवस्थापन सबै तहका सरकार र सम्बन्धित निकायको साझा जिम्मेवारी भएको बताए।

बैठकले विपद्पछि उद्धार र राहतमा मात्र निर्भर नभई जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्राथमिकता दिने निष्कर्ष निकालेको छ।

१० महिनादेखि अन्धकारमा हुम्लाका सात गाउँ



काँक्रेविहार संवाददाता
हुम्ला, २ असोज

जिल्लाको चंखेली गाउँपालिका ६ का सातवटा बस्तीका स्थानीय विगत १० महिनादेखि विद्युत् सेवाबाट वञ्चित भएका छन्।

खापर खोला लघुजलविद्युत् आयोजनाको पावर हाउसमा जडान गरिएको मेसिन बिग्रिएपछि मर्मत हुन नसक्दा गाउँहरू अन्धकारमा बस्न बाध्य भएका हुन्।

स्थानीयका अनुसार करिब चार करोड रुपैयाँ लागतमा निर्माण गरिएको ५० किलोवाट क्षमताको आयोजना सञ्चालनमा आएको दुई महिनामै बिग्रिएको थियो।

लामो समयसम्म मर्मत नहुँदा विद्युत् आयोजनाका संरचना प्रयोगविहीन बन्न थालेका छन्। मासिधाराका स्थानीय भक्तबहादुर शाहीका अनुसार विद्युत् नहुँदा राति गाउँमा आवतजावत गर्नसमेत समस्या भएको छ।

आर्थिक अवस्था राम्रो भएका परिवारले सोलार प्रयोग गरिरहेका छन् भने विपन्न परिवारले सल्लाको दियालो बालेर रात बिताउने गरेका छन्।

मोबाइल चार्ज गर्नसमेत गाउँपालिका केन्द्रसम्म पुनुपर्ने बाध्यता रहेको उनले बताए। विद्युत् अवरुद्ध हुँदा पुमा, चरिगाउँ, कोर्का, मासिधारा, मेल्छाम, निमा गाउँ र रात्तीका बासिन्दा प्रत्यक्ष प्रभावित भएका छन्।

वडा कार्यालय, स्वास्थ्यचौकी र विद्यालयको कामसमेत प्रभावित भएको स्थानीय दत्त बुढाले बताए। मेल्छाम स्वास्थ्यचौकीका संयोजक हर्क बुढाका अनुसार स्वास्थ्य चौकीमा सोलारको सहायताले सामान्य काम सञ्चालन भइरहेको भए पनि अन्य बस्तीमा विद्युत् सेवा पूर्ण रूपमा बन्द छ।

उनले स्थानीय तहबाट मर्मतको पहल नभए प्रदेश सरकारले आवश्यक कदम चालेर आयोजना पुनः सञ्चालनमा ल्याउनुपर्ने माग गरे। विद्युत् अभावको असर विद्यालयमा समेत परेको छ।

हिमालय माध्यमिक विद्यालयले प्रश्नपत्र छपाइलगायतका कामका लागि बाहिर निर्भर हुनुपरेको जनाएको छ। स्थानीयले पटक-पटक गाउँपालिकासँग आयोजना मर्मतका लागि आग्रह गरे पनि सुनुवाइ नभएको गुनासो गरेका छन्।

विद्युत् संरचना प्रयोगयोग्य अवस्थामै रहेकाले समयमै मर्मत नगरे थप क्षति हुने उनीहरूको चिन्ता छ। स्थानीयले तत्काल प्राविधिक टोली पठाएर मेसिन मर्मत गरी विद्युत् सेवा पुनः सञ्चालन गर्न माग गरेका छन्।

स्क्रबटाइफसको जोखिम बढ्यो, तीन सातामा चारको मृत्यु

काँक्रेविहार संवाददाता
सल्यान, २ असोज

दार्मा गाउँपालिकामा स्क्रबटाइफस संक्रमण फैलिँदा तीन साताको अवधिमा चार जनाको मृत्यु भएको छ। संक्रमणका कारण स्थानीयमा त्रास बढेको छ भने स्वास्थ्य संस्थामा ज्वरोका बिरामीको चापसमेत बढेको छ।

दार्मा गाउँपालिका पाँच लयटा ढाँकाडामका ६९ वर्षीय तुलबहादुर खड्गा, वडा नं. ६ मलिवाडका ८२ वर्षीय बलबहादुर थापा र नरबहादुर बुढाथोकी तथा वडा नं. दई सिलिङ्गेका १२ वर्षीय नरेश ओलीको उपचारका क्रममा मृत्यु भएको गाउँपालिकाले जनाएको छ।

उनीहरूको दाङ र नेपालगन्जका विभिन्न अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो। गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख यज्ञबहादुर बस्नेतका अनुसार बिरामीको संख्या बढेपछि स्वास्थ्य कार्यालय सल्यानसँगको सहकार्यमा स्वास्थ्य शिविर सञ्चालन गरी परीक्षण गरिएको थियो।

किटमार्फत गरिएको परीक्षणमा हालसम्म एक सयभन्दा बढी व्यक्तिमा स्क्रबटाइफस संक्रमण पुष्टि भएको उनले बताए। अहिले पनि स्वास्थ्य संस्थामा दैनिक तीन-चार जनामा संक्रमण पुष्टि भइरहेको छ।

दार्माका देवीराम नेपालीलाई केही दिनसम्म ज्वरो आएपछि सामान्य औषधि सेवन गर्दा निको नभएपछि स्वास्थ्यकर्मीको सल्लाहमा परीक्षण गर्दा स्क्रबटाइफस पुष्टि भएको थियो। औषधि सेवनपछि अहिले स्वास्थ्यमा सुधार आएको उनले बताए। स्वास्थ्यकर्मीका अनुसार ज्वरो आएपछि स्वास्थ्य संस्थामा परीक्षण नगराई मेडिकलबाट आफूखुसी औषधि सेवन गर्ने प्रवृत्तिले जोखिम बढाउन सक्छ त्यसैले लगातार ज्वरो आएमा स्वास्थ्य संस्थामा पुगेर परीक्षण गराउन आग्रह गरिएको छ।

भल्चौर स्वास्थ्य चौकीमा पनि बिरामीको चाप बढेको छ। स्वास्थ्यकर्मी टेकराज बोहराका अनुसार सामान्य अवस्थामा दैनिक १५ देखि २० जना बिरामी आउने गरेकामा अहिले ३० जनासम्म परीक्षण तथा उपचारका लागि आउने गरेका छन्।

ज्वरोको औषधि सेवन गर्दा पनि सुधार नभएका बिरामीलाई स्क्रबटाइफसको परीक्षण गर्ने गरिएको उनले बताए। वर्षातको समयमा घाँसपात तथा जंगल क्षेत्रमा काम गर्दा किर्नाको टोकाइबाट स्क्रबटाइफस संक्रमण हुन सक्ने भएकाले सावधानी अपनाउन स्वास्थ्यकर्मीले आग्रह गरेका छन्।

१३ देशका लागि प्रस्तावित राजदूतहरू

काँक्रेविहार संवाददाता
काठमाडौं, २ असोज

सरकारले भारत, चीन र अमेरिकासहित १३ देशका लागि राजदूत सिफारिस गरेको छ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले राजदूत सिफारिश गरेको गरेको परराष्ट्रमन्त्री शिशिर खनाललेजानकारी दिए।

सरकारले भारतका लागि डा. निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा, अमेरिकाका लागि चिरनजंग थापा, बेलायतका लागि पूर्वप्रधानसेनापति गौरव शम्शेर जंगबहादुर राणा, जापानका लागि जिग्यानकुमार थापा र इजरायलका लागि सुरेशकुमार कर्णलाई राजदूत सिफारिश गरिएको छ।

त्यस्तै, स्पेनका लागि प्राप्ति शेरचन, जर्मनीका लागि सरू जोशी, ओमानका लागि डा. पद्माक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, दक्षिण कोरियाका लागि प्रा.डा. सङ्गम श्रेष्ठ, श्रीलंकाका लागि डा. मञ्चला झा र साउदी अबरका लागि गिरीबहादुर सुनारलाई राजदूतमा सिफारिश गरिएको परराष्ट्रमन्त्री खनालले बताए।

डा. निश्चलनाथ पाण्डेः भारतका लागि राजदूत सिफारिश भएका डा. पाण्डे वैदेशिक नीतिका अग्रणी प्राज्ञिक व्यक्तित्व हुन्। उनी हाल सेन्टर फर साउथ एशियन स्टडिजका निर्देशक छन्।

डा. कल्याणराज शर्माः चीनका लागि प्रस्तावित राजदूत डा. कल्याणराज शर्मा नेपाल-चीन मामला विज्ञ, सिनोलोजिस्ट र अर्थशास्त्री हुन्। प्राज्ञिक क्षेत्र, संस्थागत सुशासन र द्विपक्षीय नीतिगत सहकार्यमा दुई दशकभन्दा बढीको अनुभव छ। उनले चीनको फुदान विश्वविद्यालयबाट प्रत्यक्ष वैदेशिक लगानी, व्यापार र पर्यटन वित्तपोषणमा केन्द्रित भई अर्थशास्त्रमा विद्यावारिधि गरेका छन्।

चिरनजंग थापाः अमेरिकाका लागि राजदूत सिफारिश चिरनजंग थापा राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय मामला विज्ञ हुन्। सुरक्षा नीति, संकट व्यवस्थापन र कूटनीतिमा दुई दशकको अनुभव छ। उनले कोलम्बिया युनिभर्सिटीको स्कूल अफ इन्टरनेशनल एन्ड पब्लिक अफेयर्सबाट अन्तर्राष्ट्रिय मामलामा स्नातकोत्तर र जेनेसियोबाट अन्तर्राष्ट्रिय सम्बन्धमा स्नातक गरेका छन्।

गौरव शम्शेर राणाः बेलायतका लागि राजदूत सिफारिश भएका पूर्वप्रधानसेनापति राणा विशिष्ट सैन्य नेता र रणनीतिकार हुन्। नेपाली सेनामा चार दशकभन्दा बढी सेवा गरी प्रधानसेनापति (सन् २०१२-२०१५) का रूपमा आफ्नो कार्यकाल पूरा गरेका थिए।

उनले बाँकी पृष्ठ ४

आफ्नो...

विद्यार्थीलाई विज्ञान तथा प्रविधिको ज्ञानसँगै वातावरण संरक्षणको जिम्मेवारीबोध गराउने उनले बताए।

'विद्यार्थीले विज्ञानका सामग्री आफैं निर्माण गरेर त्यसको प्रयोग र कार्यप्रणाली बुझ्ने अवसर पाउनु महत्वपूर्ण कुरा हो। अहिले विश्व नै जलवायु परिवर्तन र विश्व तापक्रम वृद्धिको समस्यासँग जुधिरहेको छ। यस्तो अवस्थामा विद्यार्थीले जलविद्युत, वायु ऊर्जा र सौर्य ऊर्जाजस्ता विषयमा सामग्री बनाएर प्रदर्शन गर्नुले उनीहरूलाई विज्ञान तथा प्रविधिको ज्ञानसँगै वातावरण संरक्षणप्रतिको दायित्व पनि बुझाउन मद्दत गर्छ। यस्ता प्रदर्शनीले विद्यार्थीमा नयाँ कुरा सोच्ने, सिर्जना गर्ने र आफ्नो क्षमता प्रस्तुत गर्ने हौसला बढाउँछ। विद्यार्थीले आज विद्यालयमा बनाएका यस्ता नमुना र प्रयोगबाट भविष्यमा नयाँ प्रविधिको विकासका लागि पनि आधार तयार हुन सक्छ,' गिरीले भने। यसैबीच, जलवायु परिवर्तन तथा विश्व तापक्रम वृद्धिविरुद्ध एक्यवद्धता जनाउँदै प्रतिबद्धता पत्रमा हस्ताक्षर संकलनसमेत गरिएको थियो। प्रतिबद्धता पत्रमा अभिभावक, शिक्षक तथा विद्यार्थी लगायतले हस्ताक्षर गरेका थिए।

वातावरण संरक्षणप्रति सामूहिक प्रतिबद्धता जनाउने उद्देश्यले हस्ताक्षर संकलन गरिएको हो। विद्यालयका प्रधानाध्यापक रुपेश भण्डारीले विद्यार्थीको सिकाइलाई प्रयोगात्मक बनाउने उद्देश्यले विद्यालयले हरेक वर्ष विज्ञान प्रदर्शनी आयोजना गर्दै आएको बताए।

विज्ञान तथा प्रविधिका विषय पढेर मात्र नभई विद्यार्थीले आफैं सामग्री निर्माण गरेर सिक्ने वातावरण तयार गर्न प्रदर्शनीले सहयोग गर्ने उनको भनाइ छ।

भण्डारीका अनुसार विद्यार्थीले आफ्नो रुचि र सिर्जनशीलताका आधारमा विभिन्न परियोजना तयार पारेका छन्। प्रदर्शनीमा विद्यार्थीले निर्माण गरेका सामग्री राखिनुका साथै ती सामग्रीको प्रयोग तथा कार्यप्रणालीबारे डेमोस्ट्रेसनसमेत प्रस्तुत गरिएको थियो। प्रदर्शनीमा विद्यार्थी, शिक्षक, अभिभावक तथा अन्य आगन्तुकको सहभागिता रहेको थियो।

विज्ञान तथा रोबोटिक्सका सामग्रीसँगै एआई र वातावरणसँग सम्बन्धित परियोजनाले प्रदर्शनीलाई विद्यार्थीको प्रयोगात्मक सिकाइ र सिर्जनशीलता प्रस्तुत गर्ने अवसरका रुपमा जोडेको थियो।

सडक सुरक्षा सम्बन्धी जानकारी

- सुरक्षित सडक, सुरक्षित यात्रा र सुरक्षित जीवनका लागि सबैको जिम्मेवारी।
- सडक तथा पुलमा यात्रा गर्दा ट्राफिक नियमको अनिवार्य पालना गरौं।
- सवारी साधन चलाउँदा तीव्र गति र लापरबाहीपूर्ण ड्राइभिङ नगर्नुहोस्।
- मोटरसाइकल तथा स्कुटर चालकले हेल्मेट अनिवार्य प्रयोग गर्नुहोस्।
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगर्नुहोस्।
- सडकमा निर्माण कार्य भइरहेको स्थानमा सावधानीपूर्वक आवतजावत गर्नुहोस्।
- सडक किनार, नाला, पुल तथा जोखिमयुक्त स्थानमा अनावश्यक रूपमा नबस्नुहोस्।
- पैदलयात्रुले तोकिएको स्थानबाट मात्र सडक पार गर्नुहोस्।
- सवारी साधनमा क्षमताभन्दा बढी यात्रु नराख्नुहोस्।
- वर्षा, बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का समयमा जोखिमयुक्त सडकमा यात्रा गर्दा विशेष सावधानी अपनाउनुहोस्।
- सडकमा क्षति, पहिरो, अवरोध वा अन्य जोखिम देखिएमा सम्बन्धित निकायलाई तत्काल जानकारी गराउनुहोस्।
- सडक निर्माण तथा मर्मतका क्रममा राखिएका सुरक्षा संकेत, अवरोध तथा निर्देशनहरूको पालना गर्नुहोस्।
- सडक सुरक्षा केवल सरकारी निकायको जिम्मेवारी नभई चालक, यात्रु, पैदलयात्री र सम्पूर्ण नागरिकको साझा दायित्व हो।

"सडक सुरक्षित बनाऔं, दुर्घटना न्यूनीकरण गरौं।"

पूर्वाधार विकास कार्यालय
सुर्खेत

१३ देशका...

विस्तृत शान्ति सम्झौताअनुसार पूर्व माओवादी लडाकुलाई नेपाली सेनामा समायोजन गर्ने कार्यको निर्देशन दिएका थिए।

जिग्यानकुमार थापा: जापानका लागि प्रस्तावित राजदूत जिग्यानकुमार थापाले नेपाल-जापान सम्बन्ध अभिवृद्धिमा दुई दशकभन्दा बढी समय समर्पित गरेका छन्। योकोहामा नेशनल युनिभर्सिटीबाट अन्तर्राष्ट्रिय सम्बन्ध र कानुनमा स्नातकोत्तर तथा शुमेई युनिभर्सिटीबाट अन्तर्राष्ट्रिय सहकार्यमा स्नातक गरेका उनले सन् २००९ देखि कानागावा इन्टरनेशनल फाउन्डेसनमा अन्तर्राष्ट्रिय सहकार्य, सार्वजनिक नीति तथा बहुसांस्कृतिक मामला विज्ञका रूपमा काम गर्दै आएका छन्।

सुरेशकुमार कर्ण: इजरायलका लागि प्रस्तावित राजदूत कर्ण सूचना प्रविधि, बैंकिङ र आर्थिक नीति क्षेत्रका वरिष्ठ व्यक्तित्व हुन्। कर्णलाई कार्यकारी नेतृत्वमा ३० वर्षभन्दा बढीको अनुभव छ। कुमारी बैंकको प्रमुख सूचना तथा विपणन अधिकृत (सन् २००३-२०१५) को रूपमा उनले नेपालको पहिलो मोबाइल वालेट 'कुमारी मोबाइल क्यास'को अवधारणा तयार गरी सञ्चालनमा ल्याएका थिए।

प्राप्ति शेरचन: स्पेनका लागि प्रस्तावित राजदूत प्राप्ति शेरचन नेपाली अन्तर्राष्ट्रिय विकास तथा साझेदारी क्षेत्रकी नेतृत्वकर्ता हुन्। दक्षिण एसिया, दक्षिणपूर्वी एसिया र अफ्रिकामा १५ वर्षको अनुभव छ। सन् २०१५ देखि विश्व बैंक समूहअन्तर्गतको इन्टरनेशनल फाइनान्स कर्पोरेसनमा लैंगिक समाधान र प्रभावका लागि सञ्चालन अधिकृतका रूपमा कार्यरत उनले इन्डियाको जेन्डर कन्ट्री प्रोग्रामको नेतृत्व गर्दै आएकी छन्।

शरू जोशी: जर्मनीका लागि प्रस्तावित राजदूत शरू जोशी वैदेशिक रोजगार सुशासन, लैंगिक समानता र अन्तर्राष्ट्रिय सहकार्यको क्षेत्रमा २५ वर्षभन्दा बढी अनुभव भएकी वरिष्ठ नीति विज्ञ हुन्। वैदेशिक रोजगार ऐन २०६४, वैदेशिक रोजगार नियमावली २०६४ र वैदेशिक रोजगार नीति २०६८ सहित नेपालको आधारभूत आप्रवासन ढाँचा निर्माणमा योगदान पुऱ्याएकी छन्।

डा. पद्माक्षी राणा: ओमानका लागि प्रस्तावित राजदूत डा. राणा नेपाल, एसिया र युरोपभर दिगो विकास, समावेशी नवप्रवर्तन र अन्तर्राष्ट्रिय सहकार्यको क्षेत्रमा १५ वर्षभन्दा बढीको अनुभव भएकी विकास तथा उद्यमी नेता हुन्। सन् २०२२ देखि उनले इम्प्याक्ट हब काठमाडौँको कार्यकारी निर्देशक र सह-संस्थापकका रूपमा इम्प्याक्ट हब ग्लोबल एसोसिएसन र यसको एसिया-प्रशान्त क्षेत्रीय क्लस्टरभित्र नेपालको प्रतिनिधित्व गर्दै यूकेएड/एफसीडीओ, युरोपेली युनियन, यूएनडीपी, युनिसेफ, विश्व बैंक र रोयल एकेडेमी अफ इन्जिनियरि डसँग साझेदारी निर्माण गरिरहेकी छन्।

चूडामणि खरेल: मलेसियाका लागि प्रस्तावित राजदूत खरेल मानविकी, अंग्रेजी, राजनीतिशास्त्र र कानूनको प्राज्ञिक पृष्ठभूमि भएका शिक्षा तथा सार्वजनिक प्रशासन क्षेत्रका विज्ञ हुन्। उनले त्रिभुवन विश्वविद्यालयबाट अंग्रेजी विषयमा स्नातक र स्नातकोत्तर, राजनीतिशास्त्रमा स्नातकोत्तर र कानुनमा स्नातक गरेका छन्।

प्रा.डा. सङ्गम श्रेष्ठ: दक्षिण कोरियाका लागि प्रस्तावित राजदूत प्राध्यापक डा. श्रेष्ठ अन्तर्राष्ट्रिय सहकार्य, जलवायु उत्थानशीलता र जल-सुरक्षा कूटनीतिमा २५ वर्षभन्दा बढीको अनुभव भएका अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त प्राज्ञिक नेता तथा वैश्विक नीति विज्ञ हुन्। उनी हाल एशियन इन्स्टिच्युट अफ टेक्नोलोजी थाइल्यान्डको स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीका प्राध्यापक एवं पूर्व डिन तथा ग्लोबल वाटर एन्ड स्यानिटेसन सेन्टरका संस्थापक सह-निर्देशक हुन्।

डा. मञ्जला झा: श्रीलंकाका लागि प्रस्तावित राजदूत डा. झा सुशासन तथा सार्वजनिक नीति विज्ञ हुन्। नेपालको सत्य निरूपण तथा मेलमिलाप आयोगको आयुक्त (सन २०१५-२०१९) का रूपमा सेवा गर्दै सत्य, न्याय र मेलमिलापसम्बन्धी राष्ट्रिय प्रयासहरूमा योगदान दिएकी थिइन्।

गिरीबहादुर सुनार: साउदी अरबका लागि प्रस्तावित राजदूत सुनार समाजशास्त्री तथा विकास नेता हुन्। अन्तर्राष्ट्रिय विकास, नीतिगत सल्लाह र बहु-सरोकारवाला सुशासनका क्षेत्रमा २५ वर्षभन्दा बढीको अनुभव छ।

उनको प्राविधिक दक्षता सामाजिक संरक्षण, लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण, समुदायमा आधारित जलवायु अनुकूलन र गुनासो सुनुवाइ संयन्त्रमा रहेको छ, जुन उनले विश्व बैंक र एडीबीका ठूला पूर्वाधार तथा खानेपानी क्षेत्रका कार्यक्रमहरूमा प्रयोग गरेका छन्।

तीन...

उचित मूल्य पाउने विषय भने चुनौतीकै रूपमा रहेको छ। कर्णालीको भौगोलिक विकटता र सडक पूर्वाधारको सीमितताले कृषि उपजलाई बजारसम्म पुऱ्याउने लागतसमेत बढाउने गरेको छ।

उत्पादनमै बजेट खर्च कमजोर

कृषि क्षेत्रमा उत्पादन र निर्यातका तथ्यांक सकारात्मक देखिए पनि सरकारी कार्यक्रम कार्यान्वयनको अवस्था भने अपेक्षाअनुसार देखिएको छैन आर्थिक वर्ष २०८२/८३ मा भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वित्तीय प्रगति ५७ प्रतिशतमा सीमित भएको छ।

मन्त्रालयका लागि दुई अर्ब ५७ करोड ११ लाख रुपैयाँ बजेट विनियोजन गरिएकोमा एक अर्ब ४७ करोड रुपैयाँभन्दा केही बढी मात्र खर्च भएको जनाइएको छ। यसले कर्णालीको कृषि विकासमा बजेट अभावभन्दा पनि बजेट कार्यान्वयनको क्षमता, कार्यक्रम डिजाइन र कार्यान्वयन संयन्त्र महत्वपूर्ण चुनौतीका रूपमा रहेको संकेत गर्छ।

कर्णालीबाट तीन अर्ब ६४ करोड रुपैयाँभन्दा बढीको कृषि उपज बाहिरिनु प्रदेशको कृषि उत्पादनले बजार पाउन थालेको संकेत हो। तर करिब ९५ करोड रुपैयाँ बराबरका पशुजन्य तथा सम्बन्धित वस्तु आयात हुनु भने प्रदेशभित्रै उपभोग हुने आधारभूत वस्तुको उत्पादन पर्याप्त नभएको अर्को संकेत हो।

यसलाई निर्यातको उपलब्धि वा आयातको समस्या भनेर अलग-अलग हेर्नुभन्दा कर्णालीको कृषि उत्पादन प्रणालीमा कुन वस्तुको उत्पादन बढाउने र कुन वस्तुमा आयात प्रतिस्थापन गर्ने भन्ने स्पष्ट रणनीतिको आवश्यकताका रूपमा हेर्नुपर्ने देखिन्छ।

मुख्यमन्त्री मंगलबहादुर शाहीले कर्णालीलाई अर्गानिक कृषि उत्पादनको केन्द्र बनाउँदै आत्मनिर्भरतातर्फ अघि बढाउनुपर्ने बताएका छन्। कर्णालीको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान महत्वपूर्ण रहेकाले उत्पादन प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने उनको भनाइ छ। निर्वाहमुखी कृषि प्रणालीमा सुधार गर्दै आधुनिक र व्यावसायिक खेती प्रणाली अपनाउनुपर्नेमा उनले जोड दिए।

विषादीको प्रयोग घटाउँदै जैविक मल प्रयोग गर्न किसानलाई प्रोत्साहित गर्नुपर्ने मुख्यमन्त्री शाहीको धारणा छ। तर निर्वाहमुखी कृषिबाट व्यावसायिक कृषितर्फको रूपान्तरण उत्पादन प्रविधि परिवर्तनबाट मात्रै सम्भव हुँदैन।

त्यसका लागि किसानलाई बजारको सुनिश्चितता, सिँचाइ, कृषि सडक, भण्डारण, चिस्यान केन्द्र, प्रशोधन उद्योग, बीमा, कर्जा तथा प्राविधिक सेवासम्मको पहुँच आवश्यक रहेको विज्ञहरु बताउँछन्।

आर्थिक मामिला तथा योजनामन्त्री टेकराज पछाईंले कृषि क्षेत्रको व्यावसायिक विकास र दिगोपनालाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन्।

उनका अनुसार प्रदेश सरकारले अघिल्ला वर्षमा विभिन्न कृषि उत्पादनमा लगाउँदै आएको कर चालु वर्षदेखि हटाएको छ। तर त्यसको प्रभाव उत्पादन र बजारमा कति पर्छ भन्ने कुरा आगामी वर्षको तथ्यांकबाट मूल्यांकन गर्नुपर्ने हुन्छ।

कर्णालीबाट एक वर्षमै साढे तीन अर्बभन्दा बढीको कृषि उपज बाहिरिनु प्रदेशको कृषि क्षेत्रमा बजार सम्भावना रहेको प्रमाण हो। तर पशुजन्य वस्तुको आयातमा झण्डै एक अर्ब रुपैयाँ बाहिरिनु र मन्त्रालयको वित्तीय प्रगति ५७ प्रतिशतमा सीमित हुनु भने कृषि विकासको अर्को पाटो उजागर गर्छ।

शिक्षक आवश्यकता सम्बन्धी सूचना !

शिक्षा विकास निर्देशनालय सुर्खेतको मिति २०८३/०५/३१ च.न. ९८ को प्राप्त अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०६/०१ को निर्णय अनुसार यस विद्यालयमा माध्यमिक तह **गणित/विज्ञान** विषयको शिक्षक पदको दरखास्त आह्वान गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिन ननाघ्ने गरी विद्यालय समय भित्र देहाय बमोजिमका कागजातहरू संलग्न राखी विद्यालय व्यवस्थापन समितिले तोकेको तपसिलका तथा अन्य शर्त बन्देजमा रहि काम गर्न इच्छुक योग्य उम्मेदवारहरूबाट रितपूर्वकको दरखास्त आह्वान गरिएको छ। म्याद नाघी तथा रित नपुगी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन्।

तपसिल

१) विज्ञापन नं : १/२०८३
२) पद र तह : शिक्षक माध्यमिक (मा.शि. सहयोग अनुदान)
३) विषय : गणित/विज्ञान
४) नियुक्तिको प्रकार : करार
५) शैक्षिक योग्यत ाः सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण
६) दरखास्त दस्तुर : रू.१५००/-
७) दरखास्त दिने अन्तिम मिति : २०८३/०६/१६ गते अपरान्ह ४ बजे सम्म
८) तलब सेवा सुविधा : ४३,६८९/-
९) अन्य सुविधा : विदा तथा काज सरकारको नियमानुसार हुनेछ।
१०) परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोग नियमावली (संसोधन) २०५७ ले माध्यमिक तहका लागि तोके अनुसार
११) परीक्षा मिति दरखास्त दिने अन्तिम मितिका दिन तोकिनेछ।

आवश्यक कागजातहरू :

१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १
२) एस.एल.सि. देखि स्नातक तह उत्तीर्ण भएका सबै शैक्षिक योग्यताका प्रमाणपत्रको छायाँकपी (स्वयंले प्रमाणित गरेको) र विदेशी शैक्षिक योग्यताको हकमा तोकिए अनुसार समकक्षताका प्रमाणपत्रहरू
३) अध्यापन अनुमति पत्र र तालिम पूरा गरेको प्रमाणपत्रको प्रतिलिपि १/१ थान
४) हस्तलिखित सक्कल निवेदन-१ प्रति
५) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति

उल्लेखित कागजात संलग्न फाइलको पंजिका तयार गरी विद्यालय प्रशासनमा बुझाउन सकिनेछ।

थप जानकारीका लागि सम्पर्क नं

प्र.अ. ९८६६८९६२९२,
प्रशासन: ९८४८१६६३४८/९८६४७३४८८०/९८४८०४९९७९
सूचना अधिकारी : ९८६६२०७६७८

बालाराम अधिकारी
प्रधानाध्यापक

श्री शिव माध्यमिक विद्यालय
वीरेन्द्रनगर-९, लाटिकोइली, सुर्खेत

हार्दिक बधाई तथा शुभकामना

कर्णाली प्रदेशको पहिलो दैनिक तथा लोकप्रिय पत्रिका काँक्रेविहार राष्ट्रिय दैनिक प्रकाशन यात्राको **२६ औं वर्ष**मा प्रवेश गरेकोसुखद् उपलक्ष्यमा हार्दिक शुभकामनासहित नेपाली पत्रकारिताको मानक बनोस् भन्ने कामना गर्दछौं।

प्रो. तेजप्रकाश तिवारी मो. ९८४८०६९६०१

तिवारी भाँडा पसल
वीरेन्द्रनगर-६, तल्लोबजार, सुर्खेत

सेवा तथा सुविधाहरू

स्टिल तथा आल्मुनियमका भाँडाकुँडा, कुकर, कराही, तावा तथा कढाई, प्लेट, गिलास, कप तथा चम्चा, खाना पकाउने आवश्यक सामग्री, भान्साका आधुनिक उपकरण तथा सामग्री, होटल तथा रेस्टुरेन्टका भाँडाकुँडा, घरायसी तथा व्यावसायिक प्रयोजनका सामग्री, विभिन्न डिजाइन र आकारका भाँडाकुँडा, थोक तथा खुद्रा बिक्रीको सुविधा, उचित मूल्यमा गुणस्तरीय सामग्री उपलब्ध छन्।

सेवा गर्ने मौका अवश्य दिनुहोला।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०६/०३

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (सावित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री टेकराज गिरी** धनी रहेको, **दर्ता नम्बर १०३६०/०७९/०८०** बाट **वीरेन्द्रनगर-१४ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री गिरी होटल एण्ड रेष्टुरेन्ट** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

प्रदेश अस्पतालको दैनिक सेवा प्रवाह विवरण

उपलब्ध सेवाहरू

- बहिरैग सेवा
- अन्तरंग सेवा
- आकस्मिक सेवा
- शल्यक्रिया
- प्रसूति सेवा
- ल्याब
- फार्मेसी सेवा
- एक्स-रे सेवा
- सि.टी स्क्यान
- एम.आर.आइ
- भिडियो एक्स-रे सेवा
- डि.आर.टि.वी. सेन्टर



प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल



सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)